भाषा, संस्कार, मौलिकता र पहिचानको संरक्षण, संवर्द्धन तथा विकास गरौं।

# किरात राई बान्तावा खिम

## विधान–२०७५

(पहिलो संशोधन २०७८)

किरात राई बान्तावा खिम

केन्द्रीय कार्यसमिति

# किरात राई बान्तावा खिम
## विधान–२०७५
(पहिलो संशोधन २०७८)

**प्रस्तावना :**

बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश नेपाल र विदेशमा समेत बसोबास गर्ने सम्पूर्ण किरात राई बान्तावाभाषीहरूलाई एउटै जातीय तथा भाषिक समाजिक संस्थामा आबद्ध गर्दै नेपालका विभिन्न भाषिक समुदायहरू बीच आपसी सम्बन्ध, सहयोग, सद्भाव र सहकार्य गरी किरात राई बान्तावाहरूको भाषा, धर्म, कला, साहित्य, संस्कार-संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै ऐतिहासिक मौलिक विषयवस्तु तथा पहिचानको खोज, अन्वेषण गरी किरात राई बान्तावा समुदायलाई आफ्नो जातीय तथा भाषिक हक, हित, अधिकार र कर्तव्यप्रति बोध गराउँदै समृद्ध एवं सशक्त जाति-भाषिक समुदायको रूपमा विकास गर्न र नेपालीहरू बिच भाइचारा सम्बन्ध कायम गर्न आवश्यक देखिएकाले किरात राई बान्तावाहरूको एक साझा सामाजिक संस्थाका रूपमा किरात राई बान्तावा खिम (खिम-बान्तावा भाषा, जसको नेपाली अर्थ 'घर' हुन्छ) गठन गरी यो विधान तयार पारी लागू गरिएको छ।

### परिच्छेद १
### प्रारम्भ

**दफा १. सङ्क्षिप्त नाम र प्रारम्भ :**

क) यस संस्थाको नाम किरात राई बान्तावा खिम, छोटकरीमा किराबाखिम र अङ्ग्रेजीमा Kirat Rai Bantawa Khim, छोटकरीमा KRBK रहनेछ।

ख) यस विधानको नाम किरात राई बान्तावा खिमको विधान-२०७५ (पहिलो संशोधन २०७८) रहनेछ।

ग) यो विधान प्रथम साधारण सभा (वि.सं २०७५) द्वारा पारित भएपछि लागू हुनेछ। संशोधित विधान साधारणसभा २०७८ द्वारा पारित भएपछि लागू हुनेछ।



**दफा २. कार्यालय :**

यस संस्थाको केन्द्रीय कार्यालय संघीय गणतन्त्र नेपालको प्रदेश नं. १, सुनसरी जिल्लाको इटहरीमा रहनेछ। काठमाडौं उपत्यकामा केन्द्रीय सम्पर्क कार्यालय रहनेछ। प्रदेश, जिल्ला/पालिका (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) र वडा कार्यसमितिहरूको कार्यालय सम्बन्धित प्रदेश, जिल्ला/पालिका र वडाहरूमा रहनेछन्।

**दफा ३. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) विधान भन्नाले किरात राई बान्तावा खिमको विधान-२०७५ (पहिलो संशोधन २०७८) लाई जनाउँदछ।

ख) किरात राई बान्तावा भन्नाले देश तथा विदेशमा रही प्राचीन किरात राई जाति अन्तर्गतको बान्तावा भाषा, परम्परा, संस्कार र संस्कृतिको पालना तथा सम्मान गर्दै आएका किरात राई बान्तावा समुदायलाई जनाउँदछ।

ग) कार्यसमिति भन्नाले किरात राई बान्तावा खिमको वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिलाई जनाउँदछ।

घ) संस्था भन्नाले किरात राई बान्तावा खिम भन्ने सम्झनु पर्छ।

ङ) सदस्य भन्नाले यस विधान अन्तर्गत यस संस्थाको विभिन्न समितिको सदस्य भन्ने जनाउँदछ।

च) राष्ट्रिय सम्मेलन भन्नाले यस विधानको दफा १३ को १ (घ) बमोजिम आयोजना गरिएको सम्मेलनलाई जनाउँदछ।

छ) सभा भन्नाले यस विधानको दफा ११ बमोजिमको वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय सभालाई जनाउँदछ।

ज) संरक्षक सदस्य भन्नाले संस्थाको विधान अनुसार आवश्यक प्रक्रिया पुऱ्याई संरक्षक सदस्यता लिएको व्यक्ति सम्झनुपर्छ।

झ) आजीवन सदस्य भन्नाले संस्थाको विधान अनुसार आवश्यक प्रक्रिया पुऱ्याई आजीवन सदस्यता लिएको व्यक्ति सम्झनुपर्छ।

ञ) साधारण सदस्य भन्नाले संस्थाको विधान अनुसार आवश्यक प्रक्रिया पुऱ्याई साधारण सदस्यता लिएको व्यक्ति सम्झनुपर्छ ।

ट) सल्लाहकार सदस्य भन्नाले संस्थाको विभिन्न समितिद्वारा विधान अनुसार मनोनयन गरिएको विशिष्ट व्यक्ति तथा संस्थापक अध्यक्षलाई सम्झनुपर्दछ ।

ठ) निर्वाचन भन्नाले यस संस्थाको विधान अन्तर्गत गठन हुने विभिन्न कार्यसमितिहरूको निर्वाचनलाई जनाउँदछ ।

ड) नियम/विनियम भन्नाले यस विधान अन्तर्गत बनेका नियम, विनियम तथा कार्यविधिहरूलाई जनाउँदछ ।

ढ) सम्मेलन भन्नाले यस विधानअन्तर्गत सम्पन्न हुने यस संस्थाको वडा, पालिका, जिल्ला, प्रदेश र राष्ट्रिय सम्मेलनलाई जनाउँदछ ।

ण) पाछीय संस्था भन्नाले किरात राई बान्तावा खिम केन्द्रीय कार्यसमितिमा आबद्ध किरात राई बान्तावाका विभिन्न पाछासँग सम्बन्धित संस्थाहरूलाई जनाउँदछ ।

त) पदेन सदस्य भन्नाले किरावा खिमका विभिन्न समितिको तल्लो समितिका अध्यक्ष, प्रवास शाखा अध्यक्ष वा पाछीय संस्थाहरूका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई जनाउँदछ ।

थ) पालिका कार्यसमिति भन्नाले किरात राई बान्तावा खिमको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका स्तरीय कार्यसमितिलाई जनाउँदछ ।

द) समन्वय समिति भन्नाले जिल्ला अन्तर्गत रहेका विभिन्न पालिका कार्यसमितिहरू लाई समन्वय गर्नका लागि गठन गरिएको जिल्ला समन्वय समितिलाई जनाउँदछ ।

ध) वडा समिति भन्नाले पालिका अन्तर्गत रहेका वडा वा एक भन्दा बढी वडाहरु संयोजन गरी गठन गरिएका कार्यसमितिलाई जनाउँदछ ।



**दफा ४. छाप, झण्डा, सपथ ग्रहण र प्रमाणपत्र :**

संस्थाको छाप अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ । झण्डा अनुसूची २ बमोजिम हुनेछ । सपथ ग्रहणको नमुना अनुसूची ३ बमोजिम हुनेछ । निर्वाचित पदाधिकारी वा सदस्यहरूलाई अध्यक्ष मण्डलले दिने प्रमाणपत्रको नमुना अनुसूची ४ बमोजिम हुनेछ ।

## परिच्छेद १

## प्रारम्भ

**दफा ५. उद्देश्य :**

संस्थाको उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

क) सम्पूर्ण किरात राई बान्तावा तथा अन्य मातृभाषी समुदाय बीच आपसी एकता र सद्भाव कायम गर्ने ।

ख) नाफामुखी नभई सेवामुखी, जनहितकारी, कल्याणकारी सामाजिक संस्थाका रूपमा रही किरात राई बान्तावा समुदायमा चेतना अभिवृद्धि गर्ने ।

ग) किरात राई बान्तावाहरूको भाषा, लिपि, धर्म, कला, संस्कृति र इतिहासको खोज, अन्वेषण, संरक्षण तथा संवर्द्धन गर्ने र सो कार्य गर्नेलाई सहयोग तथा प्रोत्साहन दिने ।

घ) किरात राई बान्तावा समुदायलाई आफ्नो जातीय भाषिक हक, हित, अधिकार र कर्तव्यप्रति सचेत गराई सशक्त जातीय भाषिक समुदायको रूपमा विकास गर्न क्रियाशील रहने ।

ङ) किरात राई बान्तावा भाषालाई विद्यालय तथा विश्वविद्यालय तहमा पठनपाठन गराउन र अन्य मातृभाषाको स्तरमा मान्यता दिलाउन प्रयत्न गर्ने ।

च) किरात राई बान्तावासँग सम्बन्धित रही क्रियाशील देश-विदेशका अन्य समाजिक सङ्घ/संस्थाहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्दै जाने ।

छ) विदेशमा बसोबास गर्ने किरात राई बान्तावाहरूले भाषिक तथा जातीय

उत्थान र एकताका लागि खोलेका क्रियाशील सङ्घ/संस्थाहरूलाई सम्भावना हेरी शाखा विस्तार गर्ने, सम्बन्धन दिने वा भगिनी संस्थाको रुपमा सम्बन्ध स्थापित गर्ने ।

ज) किरात राई बान्तावाहरूको भाषा, धर्म, संस्कार-संस्कृति, शिक्षा, राजनीति, साहित्य, कला, पत्रकारिता, स्वास्थ्य, ऐतिहासिक तथा मौलिक, समाजिक, आर्थिक लगायत समग्र पक्षको उत्थान र विकासमा क्रियाशील रहने ।

झ) आवश्यकता अनुसार विभागहरू गठन गरी संस्थाको उद्देश्य पूर्तिका लागि परिचालन गर्ने ।

ञ) किरात राई बान्तावा समुदायमा प्रयोगमा रहेका भाषिकाहरूको संरक्षण, संवर्द्धन र उत्थान गर्दै तिनीहरूको खोज अनुसन्धानमा क्रियाशील रहने ।

## परिच्छेद ३
## सदस्यता

**दफा ६. सदस्यको योग्यता :**

**क)** **साधारण सदस्य** : संस्थाको विधान स्विकार गर्ने १६ वर्ष उमेर पुगेका किरात राई बान्तावाभाषी यो संस्थाको साधारण सदस्यता प्राप्त गर्न योग्य हुनेछ ।

**ख)** **आजीवन सदस्य** : संस्थाको उद्देश्य प्राप्तिमा तन मन धनले समर्पित भएको सदस्य ।

**ग)** **संरक्षक सदस्य** : संस्थाको उद्देश्य अनुरूप बान्तावा समुदायको उत्थान र विकासमा आर्थिक तथा बौद्धिक सहयोग गर्ने व्यक्ति ।

**घ)** **विशिष्ट संरक्षक सदस्य** : संस्थाको उद्देश्य अनुरूप बान्तावा समुदायको उत्थान र विकासमा विशिष्ट स्तरको सहयोग गर्ने व्यक्ति ।

*(स्पष्टोक्ति : विशिष्ट स्तरको सहयोग भनले आर्थिक, बौद्धिक वा यस्तै प्रकारको अन्य सहयोग बुझ्नुपर्छ ।)*



**ङ)** **सल्लाहकार सदस्य** : संस्था वा बान्तावा समुदायको उत्थान र विकासका लागि महत्त्वपूर्ण योगदान दिएको व्यक्ति ।

**च)** **पदेन सदस्य** : संस्थाको कुनै पनि मातहत समितिमा अध्यक्ष रही सोभन्दा एक तहमाथिको समितिमा सदस्यको हैसियतमा स्वतः प्रतिनिधित्व गर्ने व्यक्ति, केन्द्रीय समितिको हकमा पाछीय संस्थाको केन्द्रीय अध्यक्ष वा सो संस्थाले तोकेको प्रतिनिधि, प्रवास सङ्गठनको अध्यक्ष वा सो संस्था/सङ्गठनले तोकेको प्रतिनिधि ।

**छ)** **मानार्थ सदस्य** : यो संस्था वा बान्तावा समुदायको उत्थान र विकासका लागि विशिष्ट योगदान पुऱ्याउने देश विदेश जुनसुकै मुलुकमा बसोबास भएका किरात समुदायका प्रबुद्ध व्यक्ति । तर, मानार्थ सदस्यको मताधिकार रहने छैन ।

**दफा ७. सदस्यताको प्रकार :**

संस्थाबाट निम्नअनुसारको सदस्यता प्रदान गरिनेछ :

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) संरक्षक सदस्य

घ) विशिष्ट संरक्षक सदस्य

ङ) मानार्थ सदस्य

**दफा ८. सदस्यता शुल्क :**

सदस्यता शुल्क निम्न बमोजिम हुनेछ :

क) साधारण सदस्यता शुल्क रु. ५००।-हुनेछ । प्रत्येक तीन वर्षमा साधारण सदस्यता नवीकरण गर्नुपर्नेछ ।

ख) आजीवन सदस्यता शुल्क रु. २,५००।-हुनेछ ।

ग) संरक्षक सदस्यता शुल्क रु. ७५,०००।- भन्दा माथि हुनेछ ।

घ) विशिष्ट संरक्षक सदस्यता शुल्क रु. १,२५,०००।- भन्दा माथि हुनेछ।

ङ) मानार्थ सदस्यताका लागि शुल्क लाग्ने छैन।

**दफा ९. सदस्यको अयोग्यता :**

देहाय बमोजिमका व्यक्ति संस्थाको सदस्यताका लागि अयोग्य हुनेछन् :

क) मानसिक सन्तुलन बिग्रिएको

ख) किरात राई बान्तावा समुदायप्रति घृणा वा द्वेष फैलाउने वा सो कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने।

ग) नैतिक पतन देखिने र फौजदारी अभियोगमा सजाय पाएको।

घ) १६ वर्ष उमेर नपुगेको।

**दफा १०.कार्यसमिति, सचिवालय र सभाको गठन विधि :**

कार्यसमिति, सचिवालय र सभा देहायबमोजिम गठन गरिनेछ :

(१) **वडा कार्यसमिति :**

क) वडाको सम्मेलनबाट कम्तीमा ७ जना र बढीमा १३ जना सम्मको वडा कार्यसमिति गठन गरिनेछ। जसमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १ र कोषाध्यक्ष १ गरी ५ जना पदाधिकारी रहनेछन्। वडा कार्य समितिको बैठकले बढीमा २ जनासम्म सदस्यहरू मनोनित गर्न सक्नेछ।

ख) वडा कार्य समितिमा रहनका लागि कम्तीमा संस्थाको आजीवन सदस्य वा साधारण सदस्यता लिएको हुनुपर्नेछ।

(२) **पालिका कार्यसमिति :**

क) पालिकाको सम्मेलनद्वारा कम्तीमा ११ र बढीमा २१ सदस्यीय पालिका कार्यसमिति गठन गरिनेछ। जसमा अध्यक्ष १, उपाध्यक्ष १, मनोनित



उपाध्यक्ष १, सचिव १, सहसचिव १, मनोनित सहसचिव १ र कोषाध्यक्ष १ गरी ७ जना पदाधिकारी रहनेछन्।

ख) वडा समितिमा कम्तीमा एक कार्यकाल पूरा गरेका वा कम्तीमा संस्थाको आजीवन सदस्यता लिएका व्यक्ति पालिका कार्यसमितिको पदाधिकारी हुन योग्य हुनेछन्।

ग) पालिका कार्य समितिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ।

घ) आवश्यकता अनुसार सचिवालय गठन गर्न सकिनेछ।

ङ) अध्यक्षमा एक व्यक्ति बढीमा दुई कार्यकाल सम्म निर्वाचित हुन पाउनेछ।

(३) **जिल्ला समन्वय समिति :**

क) मौजुदा जिल्ला कार्य समितिहरूलाई जिल्ला समन्वय समितिमा रूपान्तरण गरिनेछ।

ख) जिल्ला कार्य समिति गठन नभएका जिल्लाका हकमा केन्द्रीय कार्यसमिति वा प्रदेश कार्य समितिको पहलमा जिल्ला समन्वय समिति गठन गरिनेछ। उक्त जिल्ला समन्वय समितिले वडा र पालिका कार्य समिति गठन गरी प्रदेश र केन्द्रीय समितिलाई जानकारी गराउनुपर्नेछ।

ग) जिल्ला समन्वय समिति एकजना संयोजकको नेतृत्वमा रहनेछ। केन्द्रीय समिति वा प्रदेश समितिको पहलमा प्रत्येक पालिका र वडा समितिबाट कम्तीमा एक जनाका दरले उपस्थित प्रतिनिधिहरूको भेलाले आफूहरू मध्येबाट संयोजक छनोट गर्नेछ। आवश्यकता अनुसार (बैठकमा निर्णायक मतका लागि सहज हुने गरी) संयोजकले २ वा ३ सदस्य मनोनित गर्न सक्नेछ।

(४) **समायोजन गर्न सकिने :** अल्पसङ्ख्यक रूपमा बान्तावाभाषीहरू बसोबास भएको वडा, पालिका वा जिल्ला भएमा नजिकको वडा, पालिकामा समायोजन गर्न सकिनेछ।

**स्पष्टीकरण :**

सम्बन्धित वडा, पालिका वा जिल्लामा १५ भन्दा कम घरधुरी बसोबास भएमा त्यसलाई अल्पसङ्ख्यक मानिनेछ।

**(५) प्रदेश कार्यसमिति :**

क) उपल्लो निकायबाट तोकिए अनुसार पालिका कार्यसमितिबाट वा सोको सिफारिसमा उपस्थित प्रतिनिधिहरूको सम्मेलनले प्रदेश कार्यसमिति गठन गर्नेछ।

ख) प्रदेशमा बान्तावाभाषीहरूको बसोबास सघनताका आधारमा प्रदेश कार्य समिति कम्तीमा २१ र बढीमा ३१ सदस्यीय हुनेछ। जसमा ७१% निर्वाचित र २९% मनोनित सदस्य रहनेछन्। प्रतिशत हिसाब गर्दा दशमलब पछि ५ वा सो भन्दा बढि अंक आएमा एकजना थप गणना गर्नुपर्नेछ।

**स्पष्टीकरण :**

हरेक पाछीय तथा भातृ संस्थाका संस्था सञ्चालनबारे, भाषा र संस्कृति विषयमा अनुभवी मध्येबाट १-१ जना, संरक्षक, आजीवन सदस्य, सहयोगदाता, अक्षयकोषदाता, लब्धप्रतिष्ठित व्यक्तित्व र कुनै विषय क्षेत्रका विज्ञहरू मध्येबाट प्रत्येक जिल्लाबाट कम्तीमा १ जना पर्ने गरी मनोनित गरिनेछ।

ग) प्रदेश कार्य समितिमा अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, मनोनित सहसचिव १ र कोषाध्यक्ष १ गरी ७ जना पदाधिकारी रहनेछन्।

घ) प्रदेश कार्यसमितिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ।

ङ) आवश्यकता अनुसार सचिवालय गठन गरिनेछ।

च) अध्यक्षमा एक व्यक्ति बढीमा दुई कार्यकाल सम्म मात्र निर्वाचित हुन पाउनेछ।



छ) प्रदेश कार्यसमितिमा घटिमा एक कार्यकाल सदस्य भएको व्यक्तिमात्र परिच्छेद ३, दफा १० को उपदफा ५ को (ग) बमोजिमको कार्यसमितिको पदाधिकारी हुन पाउनेछ।

(६) **प्रवास कार्यसमिति :** यस विधानको अधिनमा रही सम्बन्धित प्रवासको आवश्यकता, परिस्थिति, भुगोल आदिका आधारमा आफ्नो विनियम अनुसार प्रवास समिति गठन गर्न सक्नेछन्। विश्वको कुनैपनि देशमा गठन भई क्रियाशिल रहेका उक्त देशलाई प्रतिनिधित्व गर्ने समितिहरु प्रवास कार्यसमितिका रुपमा रहनेछन्।

**(७) केन्द्रीय कार्यसमिति :**

क) केन्द्रीय कार्य समितिको सर्कुलर अनुसार मातहतका समितिबाट वा सोको सिफारिसमा उपस्थित प्रतिनिधिहरूको सम्मेलनद्वारा कम्तीमा २५ देखि बढीमा ३५ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरिनेछ।

ख) केन्द्रीय समितिमा ७१% निर्वाचित र २९% मनोनित सदस्य रहनेछन्। प्रतिशत हिसाब गर्दा दशमलब पछि ५ वा सो भन्दा बढि अंक आएमा एकजना थप गणना गर्नुपर्नेछ।

**स्पष्टीकरण :**

हरेक पाछीय तथा भातृ संस्थाका संस्था सञ्चालनबारे र भाषा, संस्कृति विषयमा अनुभवी मध्ये प्रत्येक जिल्लाबाट १-१ जना, संरक्षक, विशिष्ट संरक्षक सदस्य, अक्षयकोषदाता, कुनै विषय क्षेत्रका विज्ञहरू मध्ये प्रत्येक जिल्लाबाट कम्तीमा १ जना पर्ने गरी मनोनित गरिनेछ।

ग) केन्द्रीयकार्य समितिमा अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष १, महासचिव १, सचिव २, कोषाध्यक्ष १ गरी ७ पदाधिकारी रहनेछन्, जसमा उपाध्यक्ष १ र सचिव १ गरी २ जना पदाधिकारी भने भुगोलको आधारमा मनोनित प्रक्रियाबाट आउनेछन्।

घ) पाछीय संस्थाहरूबाट मनोनयन हुन नसकी रिक्त रहेमा केन्द्रीय कार्यसमितिको बैठकले आवश्यकताका आधारमा अन्य क्षेत्रका विज्ञ व्यक्तित्वहरूलाई समेत समेट्ने गरी मनोनयन गर्न सक्नेछ।

ङ) अध्यक्षमा एकव्यक्ति बढीमा दुई कार्यकाल सम्म निर्वाचित हुन पाउनेछ।

च) केन्द्रीय कार्यसमितिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ।

६) केन्द्रीय कार्यसमितिमा घटीमा एक कार्यकाल सदस्य भएको व्यक्तिमात्र परिच्छेद ३, दफा १० को उपदफा ७ को (ग) बमोजिमको कार्यसमितिको पदाधिकारी हुन पाउनेछ।

(८) **केन्द्रीय सचिवालय :**

केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू मध्येबाट बढीमा ९ सदस्यीय केन्द्रीय सचिवालय गठन गर्न सकिनेछ।

(९) **दोहोरो जिम्मेवारी नलिने** : पदेन सदस्यबाहेक कुनैपनि व्यक्ति कुनै पनि कार्यसमिति वा निकायको एक पदमा मात्र बहाल रहन पाउनेछ।

**दफा ११. सभासम्बन्धी व्यवस्था :**

वडा, पालिका, प्रदेश र केन्द्रीय सभा देहाय बमोजिम हुनेछ :

(१) **वडासभा :**

वडा कार्यसमितिले प्रत्येक वर्ष साधारणसभा आयोजना गर्नेछ। सभामा आर्थिक तथा कार्यप्रगति प्रतिवेदन पेश गर्ने र वार्षिक कार्यक्रम तर्जुमा गरी पारित गर्नुपर्नेछ। सभामा देहाय बमोजिमको सहभागिता हुनेछ :

क) वडा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र सल्लाहकारहरू र आजीवन सदस्यहरु।

ख) समितिको क्षेत्रभित्र रहेका संस्थाका सबै किसिमका सदस्यहरू, अक्षय कोषदाताहरू।



(२) **पालिकासभा :**

पालिका कार्यसमितिले प्रत्येक वर्ष साधारण सभाको आयोजना गर्नेछ। सभामा आर्थिक तथा कार्यप्रगति प्रतिवेदन पेश गर्ने र वार्षिक कार्यक्रम तर्जुमा गरी पारित गर्नुपर्नेछ। सभामा देहाय बमोजिमको सहभागिता हुनेछ :

क) पालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र सल्लाहकारहरू।

ख) समितिको क्षेत्रभित्र रहेका संस्थाका आजीवन, संरक्षक, विशिष्ट संरक्षक सदस्यहरू, अक्षय कोषदाताहरू र मानार्थ सदस्यहरू।

ग) तोकिए अनुसार वडा कार्यसमिति बाट आएका प्रतिनिधिहरू।

(३) **प्रदेशसभा :**

प्रदेश कार्यसमितिले प्रत्येक वर्ष प्रदेश सभाको आयोजना गर्नेछ। सभामा आर्थिक तथा कार्यप्रगति प्रतिवेदन पेश गर्ने र वार्षिक कार्यक्रम तर्जुमा गरी पारित गर्नुपर्नेछ। सभामा देहाय बमोजिमको सहभागिता हुनेछ :

क) प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र सल्लाहकारहरू।

ख) सो क्षेत्रभित्र रहेका संस्थाका आजीवन, संरक्षक, विशिष्ट संरक्षक सदस्यहरू, अक्षय कोषदाताहरू र मानार्थ सदस्यहरू।

ग) तोकिए अनुसार मातहतका कार्य समितिहरू बाट आएका प्रतिनिधिहरू।

(४) **केन्द्रीयसभा :**

केन्द्रीय कार्यसमितिले प्रत्येक वर्ष केन्द्रीय सभाको आयोजना गर्नेछ। सभामा आर्थिक तथा कार्य प्रगति प्रतिवेदन पेश गर्ने र वार्षिक कार्यक्रम तर्जुमा गरी पारित गर्नुपर्नेछ। सभामा देहाय बमोजिमको सहभागिता हुनेछ :

क) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र सल्लाहकारहरू।

ख) संस्थाका आजीवन, संरक्षक, विशिष्ट संरक्षक सदस्यहरू, अक्षय

कोषदाताहरू र मानार्थ सदस्यहरू।

ग) तोकिए अनुसार मातहतका कार्य समितिहरूबाट आएका प्रतिनिधिहरू।

घ) प्रवास सङ्गठनबाट आएका प्रतिनिधिहरू।

(५) **विशेष साधारण सभा :**

केन्द्रीय समितिको कुल सदस्य सङ्ख्याको २५% ले माग गरेमा विशेष साधारण सभा बोलाइनेछ।

**दफा १२. समिति तथा सम्बन्धन :**

नेपाल बाहिर स्थायी तथा अस्थायी बसोबास गर्ने बान्तावाभाषी व्यक्तिहरूद्वारा संस्थाको विधानलाई स्विकार गरी समान उद्देश्यका साथ गठन भई निरन्तर क्रियाशील नेपाल बाहिरको देशलाई प्रतिनिधित्व गर्ने स्तरका सङ्घ/संस्थालाई किराबाखिमको उद्देश्य प्राप्तीका लागि केन्द्रीयकार्य समितिले प्रवास समितिको रूपमा सम्बन्धन दिनसक्नेछ। प्रवास समितिको हैसियत केन्द्रीय कार्य समिति पछिको निकायका रूपमा हुनेछ। प्रवास समितिले यसै विधानको अधिनमा रही आफ्नो आवश्यकता, परिस्थिति, भुगोल आदिका आधारमा विनियम बनाई संस्था सञ्चालन गर्न सक्नेछ।



## परिच्छेद ४
## सम्मेलन, प्रतिनिधिको व्यवस्था र मताधिकार

**दफा १३. सम्मेलन :**

(१) वडा, पालिका, प्रदेश र केन्द्रीयकार्यसमितिले देहायबमोजिम ४/४ वर्षमा सम्मेलनको आयोजना गर्नेछ :

क) **वडासम्मेलन** : वडा कार्यसमितिले प्रत्येक पटक ३ वर्षमा प्रारम्भिक सम्मेलनको आयोजना गरी दफा १० उपदफा (१)बमोजिमको वडा कार्यसमिति गठन गर्नेछ। समिति गठन हुनुअघि एकपटकलाई पालिका, प्रदेश तथा केन्द्रीय कार्यसमितिको अधिकार प्राप्तव्यक्तिद्वारा भेलाको आयोजना गरी तदर्थ समिति गठन गर्न सक्नेछ। सम्मेलनमा भएका सबै गतिविधिको जानकारी उपल्लो समितिलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

ख) **पालिका सम्मेलन** : पालिका कार्यसमितिले प्रत्येक पटक ४ वर्षमा पालिका सम्मेलनको आयोजना गरी दफा १० उपदफा (२) बमोजिमको पालिका कार्यसमिति गठन गर्नेछ। समिति गठन हुनुअघि एकपटकलाई उपल्लो कार्यसमितिको अधिकार प्राप्त व्यक्तिद्वारा भेलाको आयोजना गरी तदर्थ समिति गठन गर्न सक्नेछ। सम्मेलनमा भएका सबै गतिविधिहरूको जानकारी उपल्लो कार्यसमितिलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

ग) **प्रदेश सम्मेलन** : प्रदेश कार्यसमितिले प्रत्येक पटक ४ वर्षमा प्रदेश सम्मेलनको आयोजना गरी दफा १० उपदफा (५) बमोजिमको प्रदेश कार्यसमिति गठन गर्नेछ। समिति गठन हुनु अघि एकपटकलाई केन्द्रीय कार्यसमितिको अधिकार प्राप्तव्यक्तिद्वारा भेलाको आयोजना गरी तदर्थ समिति गठन गर्न सक्नेछ। सम्मेलनमा भएका सबै गतिविधिहरूको जानकारी केन्द्रीय कार्यसमितिलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

घ) **राष्ट्रिय सम्मेलन :** केन्द्रीय कार्यसमितिले प्रत्येक पटक ४ वर्षमा राष्ट्रिय सम्मेलनको आयोजना गरी दफा १० उपदफा (६) बमोजिमको केन्द्रीय कार्यसमिति गठन गर्नेछ।

ङ) **विशेष राष्ट्रिय सम्मेलन :**

केन्द्रीयकार्य समितिका कुल सदस्य सङ्ख्याको ५१% ले माग गरेमा विशेष राष्ट्रिय सम्मेलन बोलाइनेछ।

(२) **प्रतिनिधिको व्यवस्था :**

वडा, पालिका, प्रदेश र राष्ट्रिय सम्मेलनमा देहाय बमोजिम प्रतिनिधिको व्यवस्था हुनेछ :

**क) वडा सम्मेलनका लागि प्रतिनिधि :**

सम्बन्धित वडा क्षेत्रमा बसोबास गर्ने साधारण सदस्यता प्राप्त व्यक्ति, अक्षयकोषदाता, आजीवन सदस्य, संरक्षक सदस्य, विशिष्ट संरक्षक सदस्य र वडा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू सम्मेलनमा उम्मेदवार हुन र मतदान गर्न पाउनेछन्। सम्मेलनमा सो क्षेत्रका सल्लाहकार तथा मानार्थ सदस्यहरू पर्यवेक्षकका रूपमा सहभागी हुन सक्नेछन्।

**ख) पालिका सम्मेलनका लागि प्रतिनिधि :**

सम्बन्धित पालिका क्षेत्रमा बसोबास गर्ने अक्षयकोषदाता, आजीवन सदस्य, संरक्षक सदस्य, विशिष्ट संरक्षक सदस्य, पालिका कार्य समितिका पदाधिकारी तथा सदस्यहरू र तोकिए अनुसार वडा कार्य समितिबाट आएका प्रतिनिधिहरू सम्मेलनमा उम्मेदवार हुन र मतदान गर्न पाउनेछन्। सम्मेलनमा सल्लाहकार सदस्य र मानार्थ सदस्यहरू पर्यवेक्षकका रूपमा सहभागी हुन सक्नेछन्।



**ग) प्रदेश सम्मेलनका लागि प्रतिनिधि :**

प्रदेश सम्मेलनमा देहाय बमोजिमका पदाधिकारी र सदस्यहरू प्रतिनिधि तथा पर्यवेक्षकका रूपमा सहभागी हुनेछन् :

१) प्रत्येक वडाका अध्यक्ष र सचिव।

२) प्रत्येक पालिकाका पदाधिकारीहरू।

३) प्रत्येक जिल्ला समन्वय समितिबाट संयोजक सहित ५ जना प्रतिनिधि।

४) सो क्षेत्रका अक्षयकोषदाताहरू, आजीवन सदस्यहरू, संरक्षक सदस्यहरू, विशिष्ट संरक्षक सदस्यहरू तथा विज्ञ व्यक्तिहरु।

५) प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू वा आयोजक समिति सबै।

६) सम्मेलनमा सो क्षेत्रका केन्द्रीय सल्लाहकारहरू, केन्द्रीय पदाधिकारीहरू, मानार्थ सदस्यहरू र प्रदेश कार्य समितिका सल्लाहकारहरू पर्यवेक्षकका रूपमा सहभागी हुन सक्नेछन् तर पर्यवेक्षकहरूलाई चुन्ने-चुनिने अधिकार हुनेछैन।

**घ) राष्ट्रिय सम्मेलनका लागि प्रतिनिधि :**

राष्ट्रिय सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधि तथा पर्यवेक्षकहरू को सहभागिता रहनेछ :

१) प्रत्येक प्रदेश कार्यसमिति बाट अध्यक्ष, सचिव, कोषाध्यक्ष र कम्तीमा २ महिला अनिवार्य हुने गरी कम्तीमा७/७ जना।

२) अक्षयकोषदाताहरू, संरक्षक सदस्यहरू, विशिष्ट संरक्षक सदस्यहरू।

३) आबद्ध पाछीय संस्थाहरू प्रत्येकबाट कम्तीमा१ जना महिला अनिवार्य हुने गरी ३/३ जना।

४) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू वा आयोजक समिति सबै।

५) आबद्ध प्रत्येक प्रवास शाखाबाट १जना महिला अनिवार्य हुने गरी ३/३

जना।

६) प्रत्येक वडा समितिबाट अध्यक्ष तर उसको चुनिने अधिकार भने हुनेछैन।

७) प्रत्येक पालिका कार्यसमितिबाट अध्यक्ष र सचिव तर उसको चुनिने अधिकार भने हुनेछैन।

८) जिल्ला समन्वय समितिबाट संयोजक सहित बढीमा ३ जना।

९) प्रत्येक प्रदेश कार्य समिति र प्रवास शाखाबाट सिफारिस हुने बढीमा ३/३ जना र मानार्थ सदस्यहरू, विशिष्ट क्षेत्रमा कार्यरत व्यक्तित्वहरू तथा केन्द्रीय सल्लाहकारहरू मध्येबाट केन्द्रीय कार्यसमितिले छनोट गर्ने बढीमा १५ जना पर्यवेक्षकहरू सम्मेलनमा सहभागी हुनेछन् तर उम्मेदवार हुन र मतदान गर्न पाउने छैनन्।

**दफा १४. कार्यसमितिको बैठक :**

वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिको नियमित बैठक सामान्यतः प्रत्येक ३ महिनामा नबढाई एकपटक गरी वर्षमा कम्तीमा ४ पटक समितिले तोकेको स्थान र समयमा बस्नेछ। आवश्यकता अनुसार आकस्मिक वा सचिवालय बैठक बस्न सक्नेछ।समितिका कुल सदस्य सङ्ख्याको ५१ प्रतिशतलाई गणपूरक सङ्ख्या मानिनेछ।

**दफा १५. कार्यसमिति तथा सचिवालयको काम, कर्तव्य र अधिकार :**

कार्यसमिति तथा सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) **वडा कार्यसमिति :**

क) कार्यालय सञ्चालन गर्ने,

ख) वडा सम्मेलनद्वारा पारित प्रस्ताव र निर्णयहरू कार्यान्वयन गर्ने,

ग) साधारण सदस्यता वितरण तथा नवीकरण गर्ने,

घ) माथिल्लो समितिबाट प्राप्त परिपत्र र निर्देशनहरूको पालना गर्ने गराउने,



ङ) वडा सभा र अन्य विविध कार्यक्रमहरूको आयोजना गर्ने,

च) आर्थिक कोष खडा गर्ने, अक्षयकोष स्थापनाको पहल गर्ने,

छ) बजेट तर्जुमा गर्ने र चलअचल सम्पत्तिको संरक्षण तथा लेखाजोखा गर्ने,

ज) धर्म, संस्कार, संस्कृतिको संरक्षण संवर्द्धनमा क्रियाशील रहने,

झ) कार्यप्रगति र आर्थिक प्रतिवेदन नियमित रूपमा माथिल्लो समितिमा पठाउने,

ञ) आफ्नो वडा क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक एवं मौलिक-सांस्कृतिक सम्पदा तथा स्थलहरूको संरक्षण गर्ने र सोको जानकारी माथिल्लो समितिलाई दिने,

ट) आफ्नो समुदायको उत्थान, विकास र सचेतनामा दत्तचित्त भई क्रियाशील रहने,

ठ) कुनैपनि पदाधिकारी तथा सदस्यहरू नियमित ३ पटकसम्म बैठकमा बिनासूचना अनुपस्थित भएमा पदमुक्त गर्ने, उनीहरूको राजीनामा स्वीकृत गर्ने र पदपूर्ति गर्ने।

(२) **पालिकाकार्यसमिति :**

क) कार्यालय सञ्चालनगर्ने,

ख) पालिका सम्मेलनद्वारा पारित प्रस्ताव र निर्णयहरू कार्यान्वयन गर्ने,

ग) साधारण सदस्यता वितरण तथा नवीकरणगर्ने,

घ) माथिल्लो समितिबाट प्राप्त परिपत्र र निर्देशनहरूको पालना गर्ने गराउने,

ङ) पालिका सभा र अन्य विविध कार्यक्रमहरूको आयोजना गर्ने,

च) आर्थिक कोष खडा गर्ने, अक्षयकोष स्थापनाको पहलगर्ने,

छ) बजेट तर्जुमा गर्ने र चलअचल सम्पत्तिको संरक्षण तथा लेखाजोखा गर्ने,

ञ) धर्म, संस्कार र संस्कृतिको संरक्षण संवर्द्धनमा क्रियाशील रहने,

झ) कार्यप्रगति र आर्थिक प्रतिवेदन नियमित रूपमा माथिल्लो समितिमा पठाउने,

ञ) पालिका क्षेत्रभित्रको ऐतिहासिक, धार्मिक एवं मौलिक-सांस्कृतिक सम्पदा तथा स्थलहरूको संरक्षण गर्ने र सोको जानकारी माथिल्लो समितिलाई दिने,

ट) आफ्नो समुदायको उत्थान, विकास र सचेतनामा दत्त चित्त भई क्रियाशील रहने,

ठ) कुनै पनि पदाधिकारी तथा सदस्यहरू नियमित ३ पटकसम्म बैठकमा बिना सूचना अनुपस्थित भएमा पदमुक्त गर्ने, उनीहरूको राजीनामा स्वीकृत गर्ने र पदपूर्ति गर्ने ।

(३) **जिल्ला समन्वय समिति :**

क) कार्यालय सञ्चालनगर्ने,

ख) बैठकद्वारा पारित प्रस्ताव र निर्णयहरू कार्यान्वियन गर्ने,

ग) माथिल्लो समितिबाट प्राप्त परिपत्र र निर्देशनहरूको पालनागर्ने गराउने,

घ) मातहतका समितिहरू गठन नभइसकेको अवस्थामा कार्यकारी भूमिका निर्वाह गर्ने,

ङ) तल्लो र माथिल्लो समिति बिच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(४) **प्रदेश कार्यसमिति :**

क) सचिवालय सञ्चालन गर्ने र कर्मचारी नियुक्ति तथा अनुमोदन गर्ने,

ख) विधान अनुसार सदस्यताहरू वितरण गर्ने,

ग) प्रदेश सम्मेलन र प्रदेश सभाको आयोजना गर्ने,

घ) सम्मेलन र सभाले पारित गरेका प्रस्ताव र निर्णयहरू कार्यान्वयन गर्ने,

ङ) वार्षिक कार्यक्रम बनाउने, बजेट तर्जुमागर्ने, लेखापरीक्षक नियुक्त गरी



लेखापरीक्षण गराउने, सचिवालयको निर्णयहरू अनुमोदन गर्ने,

च) चलअचल सम्पत्तिको संरक्षण गर्ने,

छ) आर्थिक कोष खडा गर्ने र अक्षय कोषहरूको संरक्षण गरी सञ्चालन गर्ने,

ज) मातहतका समितिहरूलाई निर्देशन दिने, अनुगमन र निरीक्षण गर्ने,

झ) संस्थाको उद्देश्य प्राप्तीका लागि कार्यरत रहने र प्रचार प्रसार गर्ने,

ञ) धर्म, संस्कार, संस्कृतिको पालना, संरक्षण, संवर्द्धन र विस्तार गर्ने गराउने,

ट) कार्यप्रगति र आर्थिक प्रतिवेदन नियमित रूपमा केन्द्रीय कार्य समितिमा पठाउने,

ठ) प्रदेश क्षेत्रभित्रको ऐतिहासिक, धार्मिक एवं मौलिक-सांस्कृतिक सम्पदा तथा स्थलहरूको संरक्षण र विकास गर्ने,

ड) कुनैपनि पदाधिकारी तथा सदस्यहरू नियमित ३ पटकसम्म र सचिवालयको हकमा नियमित ४ पटकसम्म बैठकमा बिना सूचना अनुपस्थित भएमा पदमुक्त गर्ने, उनीहरूको राजीनामा स्वीकृत गर्ने र पदपूर्ति गर्ने,

ढ) संस्थाको उद्देश्य प्राप्तीका लागि विभिन्न परियोजनाहरू सञ्चालन गर्ने,

ण) केन्द्रीय कार्य समितिको निर्णय एवं निर्देशन अनुसार अन्य कार्यहरू गर्ने ।

(५) **केन्द्रीय कार्यसमिति :**

क) सचिवालय सञ्चालन गर्ने र कर्मचारी नियुक्ति तथा अनुमोदन गर्ने,

ख) विधान अनुसार सदस्यताहरू वितरण गर्ने,

ग) राष्ट्रिय सम्मेलन र केन्द्रीय सभाको आयोजनागर्ने,

घ) सम्मेलन र सभाले पारित गरेका प्रस्ताव र निर्णयहरू कार्यान्वयन गर्ने,

ङ) वार्षिक कार्यक्रम बनाउने, बजेट तर्जुमागर्ने, लेखापरीक्षक नियुक्त गरी

लेखा परीक्षण गराउने, सचिवालयको निर्णयहरू अनुमोदन गर्ने,

च) चलअचल सम्पत्तिको संरक्षण गर्ने,

छ) आर्थिक कोष खडा गर्ने र अक्षय कोषहरूको संरक्षण गरी सञ्चालन गर्ने,

ज) मातहतका समितिहरूलाई निर्देशनदिने, अनुगमन र निरीक्षण गर्ने,

झ) संस्थाको उद्देश्य प्राप्तीका लागि कार्यरत रहने र प्रचार प्रसार गर्ने,

ञ) धर्म, संस्कार, संस्कृतिको पालना, संरक्षण, संवर्द्धन र विस्तार गर्ने गराउने,

ट) अन्य समान उद्देश्य भएका सङ्घ/संस्थाहरूसँग समन्वय गरी कार्य गर्ने,

ठ) ऐतिहासिक, धार्मिक एवं मौलिक-सांस्कृतिक सम्पदा तथा स्थलहरूको संरक्षण र विकास गर्ने,

ड) आफ्नो समुदायको उत्थान, विकास र सचेतनामा दत्तचित्त भई क्रियाशील रहने ।

ढ) कुनैपनि पदाधिकारी तथा सदस्यहरू नियमित ३ पटकसम्म र सचिवालयको हकमा नियमित ४ पटक सम्म बैठकमा बिना सूचना अनुपस्थित भएमा पदमुक्त गर्ने, उनीहरूको राजीनामा स्वीकृत गर्ने र पदपूर्ति गर्ने,

ण) विदेश स्थित किरात राई बान्तावा सम्बद्ध सङ्घ/संस्थाहरूलाई आवश्यकता अनुसार शाखा खोल्न स्वीकृति दिने, प्रवास शाखाका रूपमा सम्बन्धन दिने र सहयोगको आदान प्रदान गर्ने,

त) संस्थाको उद्देश्य प्राप्तीका लागि विभिन्न परियोजनाहरू सञ्चालन गर्ने,

थ) आबद्ध पाछीय संस्थाहरू सँग समन्वय गरी कार्य गर्ने,

द) संस्थाका लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

(६) **केन्द्रीय सचिवालय** :

क) कार्यालय सञ्चालन गर्ने, कार्यप्रगति तथा आर्थिक प्रतिवेदन तयार गर्ने,

ख) मातहत समितिहरूको कार्यप्रगति तथा आर्थिक विवरण नियमित मगाउने,



ग) केन्द्रीय कार्य समितिका निर्देशनहरू कार्यान्वयन भए-नभएको अनुगमन गर्ने र मातहत समितिलाई निर्देशन दिने,

घ) केन्द्रीय कार्य समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार सचिवालयको बैठक बसी केन्द्रीय कार्य समितिले गर्ने सबै कामहरू गर्ने,

ङ) सचिवालयका निर्णयहरू कार्यसमितिबाट अनुमोदन गराउने,

च) सचिवालयको बैठकमा टुङ्गो नलागेका विषय वा प्रस्तावहरू कार्य समितिको बैठकमा पेस गर्ने ।

## परिच्छेद ५

## पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

**दफा १६. कार्यसमितिपदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार** :

क) बैठकको अध्यक्षता गर्ने,

ख) कार्यसमितिको नियन्त्रण तथा नियमन गर्ने,

ग) कार्यसमिति बैठकमा बराबर मतभएमा निर्णायक मतदिने,

घ) नेतृत्वदायी भूमिका निर्वाह गरी कार्यसमितिलाई क्रियाशील बनाउने,

ङ) समान उद्देश्यभएका सङ्घ/संस्थाहरूसँग सम्बन्ध स्थापितगर्ने,

च) बैठकमा पेश गरिने प्रस्ताव तथा मस्यौदाहरू तयार गर्ने वा गर्न लगाउने,

छ) कार्य समितिको नियमित र आवश्यकता अनुसार आकस्मिक बैठकहरू बोलाउन लगाउने,

ज) पदाधिकारी तथा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने र पदपूर्तिका लागि आवश्यक निर्देशनदिने,

झ) विभिन्न किसिमका परियोजना/सम्झौता पत्रहरूमा हस्ताक्षर गर्ने,

ञ) कार्य समितिको बैठकका निर्णयहरू प्रमाणित गर्ने ।

(२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

**स्पष्टीकरण:** एकभन्दा बढी उपाध्यक्षभएको अवस्थामा वरिष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

ख) अध्यक्षको काम कारबाहीलाई सहयोग पुर्‍याउने,

ग) तोके बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गरी कार्य सञ्चालन गर्ने,

घ) अन्य तोकिएको काम गर्ने ।

(३) **महासचिवको काम, कर्तव्य र अधिकार :**

क) कार्यसमितिको कार्यालय सञ्चालन तथा दैनिक प्रशासनिक कार्यहरू गर्ने,

ख) संस्थाको तर्फबाट पत्रव्यवहार गर्ने,

ग) कार्यालयमा कर्मचारीहरूलाई मातहतमा राखीकार्य गराउने,

घ) वार्षिक कार्यक्रम बनाउने, निति निर्माण गर्ने र कार्यान्वयन गर्ने-गराउने,

ङ) संस्थाको कागजातहरूको जिम्मा लिने, प्रगति प्रतिवेदन पेश गर्ने,

च) अध्यक्षको निर्देशनअनुसार बैठक बोलाउने,

छ) बैठकमा पेश हुने प्रस्तावहरू तयार गर्ने र पारित प्रस्ताव तथा निर्णयहरू कार्यान्वयन गर्ने-गराउने,

ज) सभा/सम्मेलनमा कार्यसमितिको कार्यप्रगति प्रतिवेदन पेश गर्ने,

झ) कार्य समितिले तयार पार्नुपर्ने कुनै पनि विषय/प्रस्ताव वा प्रतिवेदनको मस्यौदा तयार गर्ने,

ञ) अध्यक्ष सँग परामर्श लिई आवश्यक अन्य कार्यहरूगर्ने ।

(४) **सचिवको काम, कर्तव्य र अधिकार :**

क) महासचिवलाई सहयोग गर्ने,

ख) कार्यसमितिले तोके बमोजिमका कार्यहरू गर्ने,



ग) महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिम जिम्मेवारी लिई कार्य गर्ने,

घ) केन्द्रीय कार्य समितिको हकमा भने दफा १५ को उपदफा ५ मा उल्लेख भएका सबै कार्यहरूमा सहयोग पुर्‍याउने,

ङ) बैठकका निर्णयहरू लिपिबद्ध गर्ने र अन्य तोकिएका कार्यहरू गर्ने ।

(५) **सहसचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवको काममा सहयोग पुर्‍याउने,

ख) सचिवको अनुपस्थितिमा निजले गर्ने सबै कार्यहरू गर्ने,

ग) कार्यसमितिले तोके बमोजिमका कार्यहरू गर्ने ।

(६) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको आम्दानी र खर्चको हिसाव दुरुस्त राख्ने,

ख) संस्थाको चलअचल सम्पत्तिको श्रेस्ता राख्ने र तिनीहरूको जिम्मा लिने,

ग) कोष निर्माणका लागि अध्यक्षको निर्देशनअनुसार कार्य गर्ने,

घ) लेखा परीक्षण गराउने र वार्षिक अनुमानित बजेट पेश गर्ने,

ङ) सभा सम्मेलनमा कार्यसमितिको तर्फबाट आर्थिक प्रतिवेदन पेश गर्ने,

च) मातहत समितिहरूको लेखा परीक्षण गर्ने-गराउने,

छ) संस्थालाई आर्थिक रूपमा सुदृढ बनाउन वार्षिक आर्थिक योजना तर्जुमा गर्ने ।

(७) **सह कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) कोषाध्यक्षको काममा सहयोग पुर्‍याउने,

ख) कोषाध्यक्षको अनुपस्थितिमा सबै जिम्मेवारी लिई कार्य गर्ने ।

(८) **सदस्यको काम, कर्तव्य र अधिकार :**

क) कार्यसमितिको बैठकहरूमा उपस्थितभई छलफलमा भाग लिने र

आफ्नो राय प्रस्तुतगर्ने,

ख) जिम्मेवारी दिइएका कार्यहरूको सम्पादन गर्ने र सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

ग) संस्थाको उद्देश्य प्राप्तीमा दत्तचित्त भई क्रियाशील रहने ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**दफा १७. आर्थिक स्रोत :**

संस्थाको आर्थिक स्रोत निम्नअनुसार हुनेछ :

(१) **सदस्यताशुल्क :**

क) वडाकार्य समितिले सङ्कलन गरेको आजीवन र साधारण सदस्यता शुल्कको ३०% समितिमा आम्दानी बाँधी बाँकी ७०% पालिका समितिलाई पठाउने । उक्त शुल्कको १०% पालिकाले आम्दानी बाँधी बाँकी ६०% प्रदेशमा पठाउने र त्यसको १०% प्रदेश समितिले आम्दानी बाँधी बाँकी ५०% रकम केन्द्रीय समितिमा पठाउने ।

ख) पालिका कार्य समितिले सङ्कलन गरेको हकमा ३०% आम्दानी बाँधी ७०% प्रदेश समितिलाई पठाउने र प्रदेश समितिले उक्त रकमको १०% आम्दानी बाँधी बाँकी रकम केन्द्रीय समितिमा पठाउने ।

ग) प्रदेश कार्य समितिले सङ्कलन गरेको हकमा ३०% आम्दानी बाँधी बाँकी रकम केन्द्रीय समितिमा पठाउने ।

(२) नेपाल सरकार र विदेशी दातृसंस्थाहरू बाट प्राप्त ऋण तथा अनुदान सहयोग ।

(३) अन्य विविध स्रोतहरूबाट प्राप्त रकम ।



**दफा १८. चलअचल सम्पत्ति :**

संस्थाले चलअचल सम्पत्ति खरिद बिक्री गर्न, लिजमा लिन, भाडामा लिनदिन वा अनुदान सहयोग प्राप्त गर्न सक्नेछ । यसको स्पष्ट जिन्सी खाता बनाई विवरण राख्नुपर्नेछ ।

**दफा १९. कोष :**

संस्थाको नाममा राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त बाणिज्य बैङ्क तथा वित्तीय संस्थामा खाताखोली आर्थिक कारोबार गर्न सकिनेछ । अध्यक्ष, महासचिव (वडा र पालिका स्तरमा सचिव) र कोषाध्यक्ष मध्ये कुनै २ को हस्ताक्षर अनिवार्य हुने गरी कोषतथा बैङ्किङ कारोबार सञ्चालन गरिनेछ । अक्षयकोषहरू स्थापना गरी विभिन्न विधामा छात्रवृत्ति, पुरस्कार, सम्मान, सहयोग, तालिम आदि प्रदान गरिनेछ । जिल्ला समन्वय समितिको हकमा कोषसम्बन्धी व्यवस्था केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

**दफा २०. लेखा परीक्षण :**

क) प्रत्येक कार्य समितिहरूले वार्षिक रूपमा लेखा परीक्षण गराउनुपर्नेछ ।

ख) वडा कार्यसमितिको पालिका कार्यसमितिले, पालिकाको प्रदेश कार्य समितिले, प्रदेशको केन्द्रीय कार्यसमिति वा केन्द्रीय सचिवालयले तोकेको व्यक्तिले र केन्द्रीय कार्यसमितिको नेपाल सरकार द्वारा मान्यता प्राप्त लेखा परीक्षक बाट लेखा परिक्षण गराउनुपर्नेछ ।

## परिच्छेद ७
## निर्वाचन र विविध

**दफा २१. निर्वाचन :**

क) वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिको सम्बन्धित भेला वा सम्मेलन द्वारा एक अध्यक्ष सहित बढीमा ५ सदस्यीय निर्वाचन समिति गठन गरिनेछ । निर्वाचन समितिले विधानको अधीनमा रहीनिर्वाचन सम्बन्धी सबै कार्य गर्नेछ र यसको निर्णय नै अन्तिम हुनेछ ।

ख) निर्वाचन समितिका अध्यक्ष र सदस्यहरूको मतदान गर्न र उम्मेदवार हुन पाउने अधिकार हुने छैन ।

ग) कार्यसम्पन्न भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

घ) सबै तहको निर्वाचन गोप्य मतदान बाट हुनेछ ।

ङ) तल्लो कार्यसमितिका पदाधिकारी वा सदस्यहरू माथिल्लो समितिमा निर्वाचित भई गएमा तल्लो समितिको पद स्वतः रिक्त हुनेछ । सो रिक्त पद सम्बन्धित समितिले निर्वाचन वा मनोनयन द्वारा पूर्ति गर्नेछ ।

**दफा २२. उम्मेदवारको अयोग्यता :**

देहायका प्रतिनिधिहरू संस्थाको कार्यसमितिमा उम्मेदवार हुन अयोग्य हुनेछन् :

क) निर्वाचन समितिका अध्यक्ष र सदस्य ।

ख) दफा ९ बमोजिमका व्यक्ति ।

ग) संस्थाको सदस्यता नलिएका व्यक्ति ।

घ) फौजदारी अभियोग लागेको व्यक्ति ।

**दफा २३. अविस्वासको प्रस्ताव :**

क) संस्थाको जुनसुकै कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू उपर अविस्वासको प्रस्ताव ल्याउनु परेमा सम्बन्धित सभाको कुल सदस्य



सङ्ख्याको एकतिहाई सदस्यहरूको हस्ताक्षर भएको अविस्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

ख) अध्यक्षले सो प्रस्ताव प्राप्त भएको ३ महिना भित्र सम्बन्धित सभा बोलाई प्रस्ताव माथि छलफल गराउनु पर्नेछ ।

ग) प्रस्ताव पारित गर्न सम्बन्धित सभाको उपस्थित सदस्य सङ्ख्याको दुई तिहाई मत आवश्यक हुनेछ ।

घ) अध्यक्ष विरुद्ध अविस्वासको प्रस्ताव पेश गर्नु परेमा सम्बन्धित समितिका उपाध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

**दफा २४). सदस्यता समाप्ति :**

देहायको अवस्थामा पदाधिकारी तथा सदस्यहरूको सदस्यता समाप्तहुनेछ :

क) मृत्यु भएमा ।

ख) मानसिक सन्तुलन बिग्रिएमा ।

ग) साधारण सदस्यता नवीकरण नगरेमा ।

घ) राजीनामा स्वीकृत भएमा ।

ङ) संस्थाको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा ।

च) अविस्वासको प्रस्ताव पारित भएमा ।

**दफा २५. राजीनामा :**

सबै तहका पदाधिकारी तथा सदस्यहरूको राजीनामा सम्बन्धित समितिका अध्यक्षले स्वीकृत गरी आगामी बैठकमा अनुमोदन गराउनु पर्नेछ । अध्यक्षको राजीनामाको हकमा सम्बन्धित समितिको बैठकलाई मात्र स्वीकृत गर्ने अधिकार हुनेछ ।

**दफा २६. विधान संशोधन :**

विधान संशोधन गर्न आवश्यक भएमा सो कुरा केन्द्रीय कार्य समितिले आयोजना गरेको सभामा पेश गरी उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले

पारित गरे पछि स्थानीय अधिकारीको स्वीकृति लिई संशोधित विधान लागू गरिनेछ।

**दफा २७. संस्थाको विघटन :**

विधान बमोजिम संस्थाको कार्य सञ्चालन हुननसकी वा अन्य कुनै कारण बाट विघटन गर्नु परेमा वा भएमा संस्थाको चलअचल सम्पत्तिको स्वामित्व नेपाल सरकारको हुनेछ।

**दफा २८. निष्क्रिय :**

यस विधानमा लेखिएका कुराहरू प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्क्रिय हुनेछन्।

**दफा २९. नियमबनाउने अधिकार :**

केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार नियम/विनियम बनाई लागू गर्न सक्नेछ । मातहतका कार्यसमितिले नियम/विनियम बनाएमा केन्द्रीय समितिबाट स्वीकृति लिएर मात्र लागू गर्न सक्नेछन्। प्रवास समितिको हकमा दफा १२ अनुसार हुनेछ।

**दफा ३०. सल्लाहकार :**

वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिले किरात राई बान्तावाहरूको विकास र उत्थानमा विशेष योगदान दिएका वा दिनसक्ने व्यक्तित्वहरू मध्येबाट सल्लाहकार मनोनयन गर्न सक्नेछ।

**दफा ३१. संस्थाको हैसियत :**

क) संस्था विशुद्ध सामाजिक सेवाभावले स्थापना भएको नाफा रहित अविच्छिन्न उत्तराधिकार वाला स्वशासित संस्था हुनेछ। संस्थाले कुनै व्यक्ति, सरकारी वा गैरसरकारी सङ्घ/संस्था उपर मुद्धा गर्नुपर्ने भएमा



मुद्धा गर्न र प्रतिवाद गर्न सक्नेछ।

ख) संस्थाको उद्देश्य प्राप्तीको कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरू उपर मुद्धा मामिला आइपरे सोको प्रतिरक्षा संस्थाले गर्नेछ।

**दफा ३२. राष्ट्रिय एकता :**

संस्थाको मूलभूत उद्देश्य अनुसार किरात राई बान्तावाहरूको भाषा, लिपि, कला, धर्म, संस्कार, संस्कृति र इतिहासको खोज अनुसन्धान, संरक्षण र संवर्द्धन गर्दै किरात राई बान्तावा समुदायको उत्थान र विकास गर्दा अन्य जातजाति तथा भाषिक समुदाय प्रति पारस्परिक सद्भाव राखी राष्ट्रिय एकतामा बल पुऱ्याइनेछ।

**दफा ३३. पदावधि :**

वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय समितिको पदावधि ४ वर्षको हुनेछ। विशेष परिस्थितिमा वडाको पालिकाले, पालिका र जिल्ला समन्वय समितिको प्रदेशले, प्रदेशको केन्द्रीय कार्य समितिले बढीमा १ वर्षसम्मका लागि पदावधि थप गर्न सक्नेछ। केन्द्रीय कार्य समितिको हकमा त्यस्तो परिस्थिति आइपरेमा सोही समितिले बढीमा १ वर्ष सम्मका लागि कार्य गर्न सक्नेछ।

**दफा ३४. व्याख्या :**

यस विधान र नियमहरूको अन्तिम व्याख्या केन्द्रीय कार्यसमितिले मात्र गर्नेछ। व्याख्यामा चित्त नबुझेमा आगामी केन्द्रीय सभामा राख्न सकिनेछ। चित्त नबुझेका दफाहरू संशोधन गर्नुपर्ने भएमा केन्द्रीय सभाले दफा २६ अनुसार संशोधन गर्नुपर्नेछ।

**दफा ३५. विशेष व्यावस्था :**

क) पाछीय संस्थाबाट प्रतिनिधित्व गर्ने संस्थाका केन्द्रीय सदस्यहरूलाई आफ्नो संस्थाले आवश्यक ठानेमा बैठकबाट निर्णय गरी फिर्ता बोलाउन

सक्नेछन् ।

ख) पाछीय संस्थाको प्रतिनिधि बनेको व्यक्तिले प्रतिनिधित्व गर्न नचाहेको अवस्थामा आफ्नो संस्थालाई लिखित जानकारी दिएमा उक्त पाछीय संस्थाले अर्को उपयुक्त पदाधिकारी वा सदस्यलाई सिफारिस गरी प्रतिनिधित्व गराउन सक्नेछ ।

ग) पाछीय संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिको पदावधि सामान्यतया ३ वर्षको हुनेछ तर पाछीय संस्थामा पदमा बहाल नरहेको खण्डमा स्वतः पदावधि समाप्त भएको मानिनेछ । सो अवस्थामा सम्बन्धित संस्थाले चाहेमा अर्को उपयुक्त पदाधिकारी वा सदस्यलाई प्रतिनिधि सिफारिस गर्न सक्नेछ ।

घ) पाछीय संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यको काम, कर्तव्य र अधिकार दफा १६ को उपदफा ८ अनुसार हुनेछ । यसका अतिरिक्त आफ्नो पाछीय संस्थासँग समन्वय गरी किराबाखिम र आफू सम्बद्ध संस्थाका बिच दूतको रूपमा काम गर्नुपर्नेछ ।

**दफा ३६. खारेजी र बचाऊ :**

स्थानीय अधिकारी द्वारा स्वीकृत भई संशोधित विधान लागू भएपछि यस अघिका विधान स्वतः खारेज हुनेछ ।

यो संशोधित विधान लागू हुनुभन्दा अघि संस्थाको विधान अनुसार गरिएका सम्पूर्ण काम कारबाही यसै विधान अनुसार गरिएको मानिनेछ ।

**दफा ३७. संगठन क्रम र आबद्ध संघ संस्थाहरु :**

यस संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्न अनुसूची ५ अनुसार को संगठन क्रम कार्य गरिनेछ । यस संस्थामा आबद्ध संघ संस्थाहरुको नामावली अनुसूची ६ अनुसार रहनेछ ।



**संशोधन मण्डल**

१. डा. ईश्वर कुमार राई, भाषाविद्
२. श्रीशीशा राई, केन्द्रीय सदस्य, किरात राई यायोक्खा
३. भक्त राई, शिक्षासेवी
४. ज्ञान किराती (काम्दुङ) अध्यक्ष, किरात राई बान्तावा खिम
५. जितुमान राई, केन्द्रीय उपाध्यक्ष, किरात राई बान्तावा खिम
६. रिता राई (राराहाङ), केन्द्रीय सचिव, किरात राई बान्तावा खिम
७. रामप्रसाद राई केन्द्रीय सचिव, किरात राई बान्तावा खिम

मिति : २०७८/११/२१
इटहरी, सुनसरी

## अनुसूची १
### संस्थाको छाप र लोगो

क) गोलाकार वृत्त भन्दा भित्र पट्टिको पृष्ठभूमिमा हिमाल, पहाड र तराईको आकृतिमा अगेनाको तीनचुला भित्र बलिरहेको आगो, आकाश ताकिरहेको धनुकाँड, ढोल झ्याम्टा र चिण्डो रहेको, गोलाकार वृतको माथिल्लो भागमा संस्थाको नाम किरात राई बान्तावा खिम नेपाल र तल्लो भागमा अंग्रेजीमा Kirat Rai BantawaKhim Npl लेखिएको स्थापना बर्ष २०७५ भएको पूर्ण गोलाकार छाप संस्थाको छाप हुनेछ।

ख) व्याख्या : किरात राई बान्तावाहरू विश्वको सबै भूभाग हिमाल, पहाड र तराईमा छरिएर रहेका छन्। तीन चूला युक्त अगेना बान्तावाहरूको मुख्यधाम हो । बलिरहेको आगोले बान्तावाहरूको शक्तिको रूप जनाउँछ। धनुकाँड पूर्ख्यौली हतियार हो। आकाश ताकिरहेको तयारी काँड र चिण्डो शक्ति र शान्तिको सन्देशका प्रतीक हुन्। ढोल र झ्याम्टाले बान्तावाहरूलाई जगाइरहेको प्रतिविम्वित गर्दछ।



## अनुसूची २
### झण्डा

क) आयातकार आकारको पहेलो पृष्ठभूमि बीच भागमा सेतो कपडा माथि गोलाकार वृत्त भन्दा भित्र पट्टिको पृष्ठभूमिमा हिमाल, पहाड र तराईको आकृतिमा अगेनाको तीनचुला भित्र बलिरहेको आगो, आकाश ताकिरहेको धनुकाँड, ढोल झ्याम्टा र चिण्डो रहेको, गोलाकार वृतको माथिल्लो भागमा संस्थाको नाम किरात राई बान्तावा खिम र तल्लो भागमा अंग्रेजीमा Kirat Rai BantawaKhim लेखिएको पूर्ण गोलाकार सहितको झण्डा हुनेछ।

ख) झण्डाको चौडाइ ४५ सेमी र लम्बाइ ७० सेमीको भुइँपहेलो, बिट रातो र बीचभाग गोलो सेतो कपडामा निलो घेराभित्र संस्थाको लोगो राखिनेछ।



## अनुसूची ३
### शपथग्रहणको नमुना
# किरात राई बान्तावा खिम
## निर्वाचन समिति

### बान्तावा किरे चामा

अङ्का.........................सुम्निमा कि पारुहाङ सालुम्सङ युङसङचङ कि किरे चाङा किरात राई बान्तावा खिम......................................दा छोसाङ कि ....................................ओ लाम्पा उङ्का उङकोङ, मिन्मादाङकाङ, दिछे उङ मिन्मादा दुम मान्युङमा अनुवाक मिन्मा आ उन कोङ सेङ्याङसा दित्छा माइसुङ मान्मुमाङ किरे चाङा युङ्ङाङा ।

किरे काचा ओ छुकछाप :
छेन्खामि भुङ् ओ छुकछाप :

### शपथग्रहण

म....................................सुम्निमा र पारुहाङलाई साक्षी राखीशपथ लिन्छु किकिरात राई बान्तावाखिम.................................कार्यसमितिमा निर्वाचित..............................को हैसियतले मलाई तोकिएको जिम्मेवारी मेरो तन, मन, वचन, कर्म र विवेकले भ्याए सम्म इमान्दार भई यो संस्था र संस्थाका अन्य सदस्यहरू प्रति बफादार रही लोभ, लालच, मोलाहिजा नगरी गोपनीयता कायम राख्दै किरात राई बान्तावा खिम केन्द्रीय कार्य समितिको विधानको अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु ।

शपथ लिनेको हस्ताक्षर :
निर्वाचन समितिको हस्ताक्षर :

| ............ | ............ | ............ | ............ | ............ |
|---|---|---|---|---|
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |



## अनुसूची ४
(दफा ३ सँग सम्बन्धित)

### राजनीतीतक दलका निर्वाचित सांसद/मन्त्री विजयी उमेद्वारहरुलाई सपथ ग्रहणको ढाँचा (बान्तावा राई भाषामा)

उङ्का ...................................नेपाला हाङ्होनओ हाङ्काचि सावा खोन्कि सावारोम नेपालि हाङ्छामिचिओ कोमकोमदा कक्युङ्ओ सम्बिधानआ खाखाङ मुओ लाम कोन्सा तुमिन्माआ सुम्निमा पारुहाङओ नङ्दा अछङ्दुम युङ्ङा ....................................सालुम्सङओ काचि मुङाहिदा युङाताओ कानुनओ लाम काङ्सा हाङ्होन खोन्कि हाङ्छामिचिओ तुलोक मित्सा साङ्ओछे क्रमा मान्कात्माङ, ओकोमोको नि मान्चमाङ, मिन्मारक मान्मुमाङ तुलोकचोङ्लो मुङा, खोन्कि काचिमुचि मुङाहिदा आप्पिआ सिन्तुङ्लाप्तुङओ दुम उङ्का युङ्या युङ्ङा हिदा माआङ्लो नेक्लो हिदाछे कानुनओ लामक्रक मुमाहिदा फेन्लो देलिकिछे लुमा खाङ्लोमा अमुन्नङ ।

छुकछाप (हस्ताक्षर): ...................................
नङ, रिमि (नाम, थर): ..................................
युङ्या (पद): ...............................................
बेन्लो (मिति):............................................

अनुसूची ५

प्रमाणपत्रको नमुना

# किरात राई बान्तावा खिम

## निर्वाचन समिति

किरात राई बान्तावा खिम ..........................................कार्यसमिति .............................. को मिति .......................... मा सम्पन्न ........................................ सम्मेलनबाट ...................... पदमा निर्वाचित हुनुभएका ............... निवासी श्री ...................... लाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना सहित यो प्रमाणपत्र प्रदान गरिएको छ।

मिति : ......................

...............
अध्यक्ष
निर्वाचन समिति
................. सम्मेलन



अनुसूची ६

**आबद्ध संघ संस्थाहरु**

१) पाछीय संस्थाहरु (बान्तावा भित्र रहेको सबै पाछाहरु),

२) बान्तावा मातृ भाषामा प्रकाशित पत्रपत्रिकाहरु, टेलिभिजन, एफ.एम. आदि,

३) किरात साँस्कृतिक कला केन्द्र,

४) सेमुना साकेन्वा सिलि,

५) भोजपुरे बान्तावा साकेन्वा लाक्छाम सिली।

**पाछिय संस्थाहरुः**

१) सुकिता बुङ्छेन

२) काम्दुङ

३) ताराखुक

४) बानु

५) ताङ्लुवा

६) रुपाबुङ

७) राराहाङ

८) दियाम आदि।

**प्रवास समिति :**

१) किरात राई बान्तावा खिम हङकङ

२) किरात राई बान्तावा खिम बेलायत

# अनुसूची ७
## मनोनयन फारमको नमुना

अध्यक्ष मण्डल

म.......................................... किरात राई बान्तावा खिमको .................................. समितिमा ......................पदका लागि निम्न विवरणसहित उमेदवारी दिन चाहन्छु।

**उमेदवारको विरण**

नामः ........................................ जिल्ला : .........................

प्रतिनिधि क्र. सं ................................

हस्ताक्षरः .......................

**समर्थक**

नाम ........................................ जिल्ला : .........................

प्रतिनिधि क्र. सं................................

**प्रस्तावक**

नाम .................................. जिल्ला : ..............................

प्रतिनिधि क्र. सं................................

हस्ताक्षर..........................

..........................

उमेद्वारको दस्तखत